# भीमेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

३ नं. प्रदेश, नेपाल


पत्र संख्या : ०७६/७७
चलानी नं. : ६९

मितिः २०७६/०४/१५

श्री प्रा.स्वा.के/स्वा.चौ./श.स्वा.के.
भीमेश्वर नगरपालिका ।

**विषय : विश्व स्तनपान सप्ताह -२०१९ मनाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०४/१५, च.नं २२ को पत्रानुसार "**आमाबुबाको सक्षमता स्तपपानको सफलता**" भन्ने नाराको साथ विश्व स्तनपान सप्ताह २०१९ मनाउने सम्बन्धी पत्र प्राप्त भएकोले, स्तनपान प्रत्येक बालबालिकाको नैसर्गिक आधिकार हो । अतः यसलाई केवल सप्ताह तथा दिवसको रुपमा मात्र मनाउने नगरी दैनिक व्यवहारमा ल्याउनु पर्ने विषय भएकाले यसलाई नियमितता दिई दिगो बनाउनको लागि त्यस स्वास्थ्य संस्थाको कार्यक्षेत्र भित्र रहेका स्वास्थ्य स्वयम सेविकाहरु, आमा समुहहरु, स्थानीय क्लवहरु र अन्य स्वास्थ्य सँग सम्बन्धीत गैर सरकारी संस्थासँग सहयोग र समन्वयका साथ स्तनपान सम्बन्धी जनचेतना जगाउने खालका कृयाकलापहरु गरि यस वर्षको **"विश्व स्तनपान सप्ताह १०१९," अगष्ट १ देखि ७ (यहि २०७६ श्रावण १६ देखि २२ गते** ) सम्म मनाउनको लागी अनुरोध छ ।

पुनश्च : आगामी २०७६ भाद्र २९ गते भीमेश्वर नगरपालिकालाई बालमैत्री पालिका घोषणा गरिने कार्ययोजना रहेकोले बालमैत्री सूचकहरुमा प्रगति हासिल गर्न सक्रिय भूमिका निर्वाह गर्नृहुन समेत जानकारी गरिन्छ ।

..............................
( मान बहादुर खड्का )
प्रमुख प्रशासकीय अधिकृत